# कर्णाली नदी माथिको झोलुङ्गे पुलमा फसेका खच्चडको उद्धार कसरी गरियो?



ARJUN BAM

**प्रकाश पन्त**
सुर्खेत

१५ मिनेट पहिले

**कर्णाली नदी माथिको एउटा झोलुङ्गे पुल लच्किँदा फसेका खच्चडहरूलाई नदीमा खसालेर अधिकांशलाई जीवितै उद्धार गरिएको प्रहरीले जनाएको छ।**

अछामको कालेकाँडा र दैलेखको खिर्कीज्यूला जोड्ने झोलुङ्गे पुल लच्किँदा फसेका खच्चडहरूको करिब पाँच घण्टापछि जीवितै उद्धार गरिएको हो। दुई वटा खच्चडको भने मृत्यु भएको छ।

**चेतावनी: यो समाचारका कतिपय तस्बिर र विवरणले तपाईँलाई विचलित पार्न सक्छन्।**

इलाका प्रहरी कार्यालय कालेकाँडाका प्रमुख प्रहरी सहायक निरीक्षक रामसिंह फरालले बताएअनुसार अछामको तामकोटबाट दैलेखको खिर्कीज्यूला बजारतर्फ जाँदै गर्दा पुलमा फसेका १३ मध्ये ११ वटा खच्चरलाई जीवितै उद्धार गरिएको हो।

सामान ढुवानीको लागि आएका २० मध्ये ७ वटा खच्चडहरू पुलमा चढ्नुअघि नै पुल लच्किएको थियो।

**जब बाल्टिमोरमा ३ किमि लामो पुल भत्कियो**
२६ मार्च २०२४

**भारत गुजरातमा झोलुङ्गे पुल खस्दा कम्तीमा १४१ को मृत्यु**
३१ अक्टोबर २०२२

# उद्धार कसरी गरियो?

उक्त पुलमा अड्किएका आठवटा खच्चडलाई पुलको जाली काटेर कर्णाली नदीमा खसालेर जीवितै उद्धार गर्न सफल भएको असई फरालले बताए।

"तीन वटा खच्चडका हकमा भने पुलको जाली काट्दा नदिमा नपरेर ढुङ्गामा पर्ने देखिएकाले डोरीको

सहायताले पुलको छेउसम्म ल्याएर बचाइएको थियो," फरालले भने।



ARJUN BAM

"यस्तो उपाय नलगाएको भए सबै खच्चडहरूको नै मृत्यु हुनसक्थ्यो। उनीहरूले भारी नबोकेकाले मात्र खच्चडहरूलाई बचाउन सजिलो भयो। भारीसहितका हुन्थे भने उद्धार गर्न थप कठिनाइ हुन्थ्यो।"

त्यस्तो खालको घटना बिरलै हुने भएकाले सुरुमा प्रहरीहरू समेत के गर्ने, के नगर्ने भनेर दोधारमा परेको असई फरालले बताए।

उनले भने, "प्रहरीसँग न उद्धार गर्ने न त स्रोतसाधन थियो, न सजिलो अवस्था नै।"

पुलको दक्षिणतिरको भागका लहरा लच्किँदा खच्चडहरू पुलमा अड्किएका थिए।

- भत्केका पुल हुँदै जोखिमपूर्ण यात्रा
- बिहारमा कोशी नदीमाथि भारतले बनाउँदै गरेको पुल भत्कियो

मृत्यु भएका दुई खच्चडमध्ये एकको पुलमै र एकको नदीमा खस्दा ज्यान गएको बताइएको छ।

## 'जीर्ण पुल'



ARJUN BAM

पुल छड्के हुने बित्तिकै खच्चडहरू कराएको दृश्य निकै कारुणिक देखिएको उद्धारमा खटिएका प्रहरीहरू बताउँछन्।

"खिया लागेर पुल एकदमै कमजोर अवस्थामा रहेछ। खच्चडहरूको भारले गर्दा एक्कासि लच्किएर पुल नै छड्के भएपछि खच्चडहरू अड्किन पुगे," असई फरालले बीबीसीसँग भने।

"त्यसैले छेउतिरको जाली काटेर नदीमा झार्ने र डोरी लगाएर जमिनमा ल्याउनुबाहेक अरू विकल्प थिएन।"



ARJUN BAM

झण्डै दुई दशकअघि बनेको उक्त पुलको नियमित मर्मत नहुँदा जीर्ण भएर यस्तो अवस्था आएको स्थानीयवासीहरू बताउँछन्।

पुल नजिकै रहेको कालेकाँडा स्वास्थ्य चौकीका इन्चार्ज अर्जुन बलले भने, "तर यसबीचमा मर्मततिर सम्बन्धित निकायहरूले चासो दिएको देखिएन।"

**काठमाण्डू-तराई द्रुतमार्ग: जहाँ बन्दै छ धरहरा जत्तिकै अग्लो खम्बा भएको पुल**
१६ मार्च २०२४

**आकाशे पुल खस्दा कम्तीमा चारको मृत्यु**
१६ मार्च २०१८

## उद्धारमा सक्रियता


ARJUN BAM

बिहान ९ बजेतिर घटना भएको बताइएको छ। त्यसबारे जानकारी आएलगत्तै सुरक्षाकर्मी परिचालन गरेर उद्धार थालेको दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद कोइरालाले बताए।

उनले भने, "११ बजेतिर मात्र हामीलाई जानकारी आयो। जानकारी पाउने बित्तिकै गृह मन्त्रालय, मुख्यमन्त्री कार्यालय लगायतका निकायलाई जानकारी गराएर उद्धार थालेका थियौँ।"

खच्चडहरू अछामका तीन जना व्यवसायीका रहेको बताइएको छ। ती उक्त भेगका लागि पसलका सामानहरू लैजानका लागि ती खच्चडहरू प्रयोग गर्न लागिएको थियो।

**बीबीसी न्यूज नेपाली यूट्यूबमा पनि छ। हाम्रो च्यानल सब्स्क्राइब गर्न तथा प्रकाशित भिडिओहरू हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईँ फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

## सम्बन्धित सामग्री

यातायात पशुकल्याण नेपाल

## मुख्य समाचार

### मेलम्चीको नयाँ 'हेडवर्क्स' कति सुरक्षित ठाउँमा छ?

१ घण्टा पहिले

### कर्णाली नदी माथिको झोलुङ्गे पुलमा फसेका खच्चडको उद्धार कसरी गरियो?

१५ मिनेट पहिले

### इजरेलले गाजाबाट चारजना बन्धक कसरी छुटायो, कति प्यालेस्टिनीले ज्यान गुमाए?


४ घण्टा पहिले

## अनि यो पनि




यूरो २०२४: युरोपेली फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताबारे जान्नैपर्ने कुरा

७ जुन २०२४




प्रतिबन्ध खोल्न आग्रह गर्दै टिकटकले पठायो सातौँ पत्र, सरकारको जबाफ के छ

६ जुन २०२४



'सेक्सटोर्शनको सिकार बनेपछि मेरो छोराले आत्महत्या गर्‍यो'

६ जुन २०२४



अमेरिकाको राष्ट्रपति निर्वाचनमा पहिले पनि तीन जनाले लडेका थिए जेलबाटै चुनाव

६ जुन २०२४



आनी बन्न सहर पसेकी फुन्जो लामाले कसरी बनाइन् सगरमाथामा 'कठिन' कीर्तिमान

६ जुन २०२४

## धेरै पढिएको

१ इजरेलले गाजाबाट चारजना बन्धक कसरी छुटायो, कति प्यालेस्टिनीले ज्यान गुमाए?

२ पोर्चुगलको आप्रवासन नीति कडा पार्न थालिएसँगै नेपालीलाई कस्तो असर पर्ला?

३ मेलम्चीको नयाँ 'हेडवर्क्स' कति सुरक्षित ठाउँमा छ?

४ भारतमा नरेन्द्र मोदीको पार्टीले बहुमत गुमाउनुको अर्थ के हो

५ अयोध्यामा आखिर भाजपा कसरी पराजित भयो

© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**